तुर्माखाँद राजपत्र

तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ५ मिति २०८२ कार्तिक २४गते

भाग २

तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि-२०८२

<u>प्रस्तावना</u> : नागरिकको मौलिक हकको रुपमा संविधानद्धारा स्थापित निःशुल्क आधारभुत स्वास्थ्य सेवालाई विद्यमान कानुनले आम जनताको जनस्वास्थ्य, पोषण र शिक्षा लगायतका

सेवामा अधिकतम पहुँचको लागि प्रदेश सरकार स्थानीय सरकारलाई विशेष जिम्मेवार तुल्याइएको छ। महिला तथा ५ बर्ष मुनिका बालबालिका (विशेष गरी विपन्न र सिमान्तकृत) को उचित व्यवहार परिवर्तन गरी स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याई आधारभुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तुर्माखाँद गाउँपालिकाको कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धि ऐन २०८० को परिच्छेद ५ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी गैरसरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट "समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्य लाई लक्षित गरी पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम" कार्यान्वयन कार्यविधि, २०८२ गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी लागु गरिएको छ।

परिच्छेद- १

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :

क) **यस कार्यविधिको नाम** " समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरी पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम" रहेको छ।

ख) यो कार्यविधि तुर्माखाँद गाउँ पालिकाको क्षेत्रभर लागु हुनेछ।

ग) कार्यविधि तुर्माखाँद गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भए पछि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"कार्यविधि" भन्नाले "समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरी पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम" कार्यान्वयन कार्यविधि, २०८२** लाई सम्झनु पर्दछ।

ख) **"कार्यक्रम"** भन्नाले संघीय सरकारबाट विशेष अनुदानको रुपमा गाउँपालिकालाई हस्तान्तरित **"समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरी पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम"** सम्झनु पर्दछ।

ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तुर्माखाँद गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ।

घ) **"कार्यालय"** भन्नाले तुर्माखाँद गाउँपालिकालाई सम्झनु पर्दछ।

ङ) **"अनुदान"** भन्नाले तुर्माखाँद गाउँपालिकामा "समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरी पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम" सञ्चालन गर्न प्रदान गरिने नगद, जिन्सी वा प्रविधि समेतका सामाग्रीलाई सम्झनु पर्दछ।

च) **अनुदानग्राही** भन्नलाई यस कार्यविधि अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने संघ वा संस्थालाई सम्झनु पर्दछ।

तुर्माखाँद गाउँपालिका

३. **उद्देश्यहरु:** यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन।

१) यस कार्यक्रमले राखेका निर्दिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन।

- पोषणयुक्त खाना, सन्तुलित आहार, खोप सेवा, पोषणयुक्त खानाको पाक शिक्षा, सरसफाई र बालबालिकाको वृद्धि अनुगमन सम्बन्धि अन्तरव्यक्ति संचार र संचारका अन्य माध्यमहरुको प्रयोगबाट पोषण सम्बन्धि व्यवहार परिवर्तन प्रवर्द्धन गर्दै दिगो स्वास्थ पोषण व्यवहारको विकास र व्यक्तिको जीवनको प्रवर्द्धन गर्ने।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिने आधारभुत स्वास्थ्य सेवा पहुँच अधिक घरधुरी सम्म पुऱ्याई सुक्ष्म पोष तत्व जस्तै बालभिट्टा, भिटामिन ए, जुकाको औषधि,

आइरन चक्की लगायतका सेवाको पहुँच विस्तार एवं सुदृढ गरी सेवाको उपभोगलाई बृद्धी गरी मातृ तथा शिशु पोषण सुधार गर्ने,

- न्यून आय स्तर भएका र जोखिममा रहेका समुदायमा आधारभुत सेवाको पहुँच सुनिश्चित गर्ने।
- स्थानीय उत्पादनमा आधारित पोषणयुक्त आहारको प्रवर्द्धन र उपभोग वृद्धि गर्न चेतनामुलक अभियान सञ्चालन गर्ने।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि गरी सामुदायिक पोषण शिक्षा कार्यक्रम र खानेपानी, स्वच्छता तथा सरसफाईको बारेमा जनचेताना विस्तार वृद्धि गर्ने।

तुर्माखाँद गाउँपालिका

- संस्थागत सुत्केरी गराउने महिलाहरुको संख्यामा बृद्धि गराउने।

परिच्छेद- २

४. कार्यक्रमको लागि श्रोतः

क) नेपाल सरकारको राष्ट्रिय योजना आयोगको विशेष अनुदान अन्तर्गत यस गाउँपालिकालाई नेपाल सरकारको राष्ट्रिय योजना आयोगको विशेष अनुदान अन्तर्गत यस गाउँपालिकालाई प्राप्त " **समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरी पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम"** को लागि हस्तान्तरित रकम रु १६३०००००।

परिच्छेद- ३

<u>संस्था छनौट प्रक्रिया</u>

यस कार्यविधि मार्फत गाउँपालिकाले कार्यक्रम कार्यान्वयनका लागि गैरसरकारी संस्था छनौट गर्नेछ। सार्वजनिक खर्चलाई बढी खुल्ला, पारदर्शी र विश्वसनीय बनाउनका लागि निम्न देहायका प्रक्रिया अपनाउनु पर्नेछ।

५. कार्यक्रम कार्यान्वयनका लागि गैर-सरकारी संस्था छनौट प्रक्रियाः

अनुसूची १ बमोजिमको आशयपत्र माग गर्न सूचना प्रकाशित गरी योग्य आशयपत्रदाताको संक्षिप्त सूची तयार गर्नु पर्नेछ।

क) यस कार्यक्रम कार्यान्वयन गर्न कम्तीमा १५ दिनको अवधि दिई राष्ट्रिय/स्थानीय स्तरको समाचार पत्रमा आशयपत्र आव्हानको सूचना प्रकाशन गर्नु पर्नेछ। आशयपत्रदाता संस्थाको अनुभव दक्षता, योग्यता, माग गरिएका संस्थागत कागजातहरुलाई आधार मानी आशय पत्रलाई छनौट गरि सूचिकृत गरिनेछ। यसरी छनौट

भएका आशयपत्रदाताहरुबाट सूचना प्रकाशित गरी बिस्तृत प्रस्ताव माग गर्नु पर्नेछ।

ख) एक वा एक भन्दा बढी गैरसरकारी संघसंस्थाले एकल वा संयुक्त उपक्रमको रुपमा आशयपत्र दाखिला गर्न सक्नेछन्। तर यसरी संयुक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी संयुक्त उपक्रम गर्न सकिने छैन।

ग) प्रथम पटकको सूचना बमोजिम आशयपत्रदाताको छनौट गर्दा कम्तीमा ३ वटा आशयपत्रदाता छनौट हुन नसकेमा गाउँपालिकाले पुनः राष्ट्रिय/स्थानीय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी ७ दिनको समयावधि दिई आशयपत्र माग गर्नु पर्नेछ।

घ) दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि कम्तिमा ३ वटा आशयपत्र छनौट हुन नसकेको खण्डमा भएका जति आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिनेछ।

ङ) आशयपत्रदाताले खुलाउनु पर्ने विवरणः

१. संस्थाको संस्थागत बिस्तृत विवरण

२. विगत १० बर्षमा कम्तिमा १० करोड बराबरको आर्थिक कारोबारका साथै समान प्रकृतिको गरेको काम र स्थानको विवरण,

३. प्रस्तावित कार्यमा संस्थाको तर्फबाट संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण।

६. यस कार्यविधि बमोजिम पर्न आएका आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्याङ्कन गरी गाउँपालिकाले आशयपत्रदाताको छनौट गर्नु पर्नेछ। छनौटका आधारहरु देहाय बमोजिम हुनेछन।

- आशयपत्रदाताले पेश गर्ने संस्थाको दर्ता प्रमाणपत्र, म.अ. कर दर्ता प्रमाणपत्र र नवीकरण, करचुक्ता प्रमाणपत्र, कार्यानुभव पत्र, विगत ३ आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनु पर्नेको हकमा), आशयपत्रका साथ प्रतिलिपीहरु पेश गरेको हुनु पर्नेछ।

क्षेत्रगत कार्य विशेषज्ञता, अनुभव र कार्य सम्पन्न गरेको अनुभव तथा प्रमाणहरु

क्षेत्रगत कार्य विशेषज्ञता

मातृ शिशु तथा बाल्यकालिन पोषण, आपतकालिन पोषण, व्यवहार परिवर्तन संचार, सुनौलो १००० दिन अन्तर्गतका क्रियाकलाप एवं पोषण सम्बन्धि प्रचारात्मक एवं प्रवर्द्धनात्मक का साथै स्वास्थ्य र पोषण सम्बन्धि अनुसन्धान कार्यमा संलग्न भएको।

<u>क्षेत्रगत कार्य अनुभव</u>

विगत १० बर्ष देखि अनवरत रुपमा राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्तरमा माथि उल्लिखित क्षेत्रहरुमा आफ्नो सेवा तथा परामर्श प्रदान गरेको। पोषण विशेष र पोषण सम्बेदनशिल, सामाजिक बजारीकरण तथा स्वास्थ्य शिक्षा तथा संचारको क्षेत्रहरुमा आवश्यक अनुसन्धान, नीति तथा योजना तर्जुमा गर्न सरकारी निकायलाई सहयोग पुऱ्याएको अनुभव भएको। साथै संयुक्त राष्ट्र संघीय निकाय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग सहकार्यको अनुभव भएको,।

<u>कार्य सम्पन्न गरेको अनुभव तथा प्रमाणहरु</u>

सरकारी कार्यालय, संयुक्त राष्ट्र संघीय निकाय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुबाट राष्ट्रिय तथा स्थानीय तहसँग पोषण सम्बन्धि परियोजनाहरु सफलता पूर्वक सम्पन्न गरेको १० बर्षको अनुभव तथा प्रमाणहरु आशयपत्रका साथ संलग्न हुनु पर्नेछ। संस्थाले विगतमा सम्पन्न गरेको कार्यक्रमको रकम खुल्ने सम्झौता पत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

<u>मुख्य मुख्य जनशक्तिको योग्यता र अनुभवः</u>

पोषण विशेष, पोषण संवेदनशिल र जनस्वास्थ्यका क्षेत्रहरुमा कार्यक्रम, रणनीति तथा निर्देशिका तयार गर्ने र कार्यक्रम सम्बन्धि कार्यान्वयनको खाका, अनुगमन, मुल्याङ्कन र सर्वेक्षण तथा अनुसन्धान लगायतका कार्यहरुमा विशेषज्ञता हासिल गरेका जनशक्तिहरू भएको र जनशक्तिको हकमा कम्तीमा जनस्वास्थ्य विषय वा सम्बन्धित विषयमा स्नात्तोर गरी स्वास्थ्य र पोषण (महिला र ५ बर्ष मुनिका बालबालिकालाई लक्षित), स्वास्थ्यका लागि संचार (विशेष गरी महिता तथा ५ बर्ष मुनिका बालबालिकाहरुलाई लक्षित स्वास्थ्य र पोषण कार्यक्रम), व्यवहार परिवर्तनका लागि संचार अभियान (स्वास्थ्य र पोषण) र सामाजिक बजारीकरणको क्षेत्रमा २० बर्षको अनुभवका साथै सो को क्षेत्रमा अध्ययन/अनुसन्धानमा संलग्न भई हाल कार्यरत रहेको कम्तीमा ३ जना दक्ष जनशक्तिको विवरण निम्न बमोजिम पेश गर्नु पर्नेछ।

<u>देहाय</u>

क.सं.	जनशक्ति	शैक्षिक योग्यता	कार्य अनुभव	व्यक्तिगत विवरण (बायोडाटा)

<u>कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथोडोलोजी) गुणस्तर-</u>

यो कार्यक्रम कार्यान्वयनका लागि संघसंस्थाबाट बिस्तृत कार्य पद्धती, ढाँचा र कार्ययोजना पेश गर्नु पर्नेछ। कार्यक्रम समापन पश्चात कार्यक्रमको दिगोपनाको आधारहरु समेत पेश गर्नु पर्नेछ।

<u>ज्ञान तथा प्रविधि हस्तान्तरण</u>

क) कार्यक्रम सञ्चालन र सम्पन्न भएपछि प्राप्त अनुभव ज्ञान र शिपलाई सम्बन्धित निकायमा

क्रमशः समाहित गर्दै कार्यक्रमबाट प्राप्त मुख्य मुख्य उपलब्धि र सिकाईहरुलाई भविष्यमा उपयोगी गर्ने गरी गाउँपालिका अन्तर्गतका जनशक्ति र आम नागरिकलाई सशक्तिकरण गर्न टेवा पुऱ्याउनु पर्नेछ।

ख) आशयपत्र सहितको निवेदन अनुसूची २ बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ।

७. आशयपत्र तथा बिस्तृत प्रस्ताव माग गर्नेः आशयपत्र आव्हानको सूचना

दफा ५ बमोजिम संक्षिप्त सूची तयार भएपछि गाउँपालिकाले सो संक्षिप्त सूचीमा परेका आशयपत्रदाता हरुलाई प्रस्ताव सम्बन्धि कागजात अनुसूची ३ बमोजिम पठाई कम्तीमा १५ दिनको समयमावधि दिई प्रस्ताव माग गर्नु पर्नेछ।

प्रस्ताव माग सम्बन्धि कागजातमा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछ।

तुर्माखाँद गाउँपालिका

क०	कार्यक्रमको प्रकृति, अनुमानित लागत, अवधि, स्थान, सम्पन्न गर्नुपर्ने कार्य र अपेक्षित परिणाम।

ख)	अनुसूची ४ र ५ बमोजिमको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्ट रुपमा उल्लेख गरी दुबै प्रस्तावलाई अर्को छुट्टै खाममा सिलबन्दी गरी माग गर्नु पर्नेछ। अनलाइन प्रस्ताव पेश गर्ने आशयपत्रदाताको हकमा गाउँपालिकाले तोकेको ईमेलमा पि.डि.एफ. फरम्याटमा आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्नु पर्नेछ।

ग)	प्राविधिक तथा आर्थिक मूल्याङ्कन भार,

घ) प्रस्ताव पेश गर्नुपर्ने स्थान, मिति, र समय,

ङ) प्रस्ताव छनौट प्राविधिक प्रस्तावको गुणस्तर तथा लागत विधिबाट छनौट गरिनेछ।

च) तोकिए बमोजिमका अन्य कुरा।

८. कार्यक्रमको लागि पेश गरिएका आशयपत्र तथा प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटको लागि सिफारि सर गर्न देहाय बमोजिमको प्रस्ताव छनौट समिति गठन गरिनेछ।

क**)** प्रमुखप्रशासकीय अधिकृत - संयोजक

ख**)** लेखा प्रमुख - सदस्य

ग**)** योजना शाखा प्रमुख/अधिकृत -सदस्य

घ**)** प्राविधिक शाखा प्रमुख - सदस्य

ङ**)** स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

९. प्रस्ताव मूल्याङ्कनको अङ्कभारः

क**)** कुल अङ्कभार एक सय मध्ये प्राविधिक प्रस्तावको अङ्कभार ८० तथा आर्थिक प्रस्तावको अङ्कभार २० प्रतिशत हुनेछ। प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त

तुर्माखाँद गाउँपालिका

मुल्याङ्कन गरी सबै भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गर्नु पर्नेछ। कार्यक्रमको प्रकृति हेरी कार्यको गुणस्तर र दिगोपना सुनिश्चित गर्न प्राविधिक प्रस्तावलाई विशेष प्राथामिकता दिई प्रस्तावलाई छनौट गर्न सकिनेछ।

१०.प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्ने आधारहरु र अङ्कभार देहाय बमोजिमका हुनेछन।

१) क्षेत्रगत कार्य विशेषज्ञता, अनुभव र कार्य सम्पन्न गरेको अनुभव तथा प्रस्तावहरुः कुल अङ्कको २५ प्रतिशत (यसमा उल्लिखित १० बर्षको अनुभव माग गरिएकोमा सो अपुग भएमा प्रति अनुभव बर्ष २.५ प्रतिशतका दरले गणना गरी अधिकतम २५ प्रतिश मात्र दिइनेछ।

२) मुख्य मुख्य जनशक्तिको योग्यता र अनुभवः कुल अङ्कको ३० प्रतिशत

३) कार्य सम्पादन गर्ने प्रस्तावित तरिकाको (मेथोडोलोजी) गुणस्तरः कुल अङ्कको ३५ प्रतिशत

४) ज्ञान तथा प्रविधि अस्तान्तरण व्यवस्थाः कुल अङ्कको १० प्रतिशत।

११. उपदफा १० बमोजिम अङ्कभार उल्लेख गर्दा ५० अङ्क प्राप्त प्राविधिक प्रस्ताव उत्तीर्ण भएको मानिनेछ।

परिच्छेद- ४

कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

१२. **कार्यक्रम** सञ्चालन, व्यवस्थापन, अनुगमन, र सहजीकरणका लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछ।

क) गाउँपालिका प्रमुख/उपप्रमुख -संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको प्रतिनिधि १ जना - सदस्य

घ) लेखा शाखा प्रमुख - सदस्य

ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

१३. कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) कार्यक्रम सञ्चालनको विधि र रुपरेखामा आवश्यक परामर्श दिने र सहजीकरण गर्ने।

ख) कार्यक्रम सञ्चालनको क्रममा अनुगमन र नियमित समिक्षा गर्ने।

ग) कार्यक्रम सञ्चालनकर्ता संस्थाबाट प्रगती विवरण लिई त्रैमासिक रुपमा भुक्तानीको लागि सिफारिस गर्ने।

घ) कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्थापकीय कार्य समन्वय गर्ने।

ङ) कार्यक्रम सञ्चालन सम्बन्धि अन्य आश्यक निर्देशन दिने।

१४.प्रस्ताव छनौट समितिको काम, कर्तव्य र अधिकारः

प्रस्ताव छनौट समितिले यस कार्यविधिमा उल्लेख गरिएको मापदण्डको आधारमा प्रस्ताव छनौट गरी आवश्यक निर्णय गर्नु पर्नेछ।

१५.कार्यक्रमको कार्यान्वयन ढाँचा देहाय बमोजिम हुनेछः

१. लाभग्राही समुहहरुले कार्यक्रम मार्फत अनुदान स्वरुप रकम तथा भौतिक सामाग्री प्राप्त गर्न सक्नेछन।

२. कार्यक्रमले समेट्ने लाभग्राहीलाई समुहमा आवद्ध गराई संगठित रुपमा श्रोत व्यवस्थापन गर्न सकिनेछ।

३. कार्यक्रमको प्रारम्भिक चरणमा सेवा पाएका लाभग्राहरुहरुले आफुले पाएको सेवा सुविधा बराबरको सामाग्री अन्य लाभग्राहीहरुलाई प्रदान गर्नका लागि उप-समूहहरु बनाई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

४. कार्यक्रम कार्यान्वयनको क्रममा लाभग्राहीहरुलाई विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक तालिम तथा अभिमुखिकरण सञ्चालन गरिनेछ।

५. संस्थाले परिचालन गर्ने बैक खातामा गाउँपालिकाले रकम उपलब्ध गराई गराई कार्यक्रम सञ्चालन गरिनेछ।

६. कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले त्रैमासिक रुपमा चार किस्तामा

संस्थाको बैंक खातामा पेश्की स्वरुप रकम उपलब्ध गराउनेछ। जस अन्तर्गत कुल स्वीकृत बजेटको पहिलो किस्ता वापत ४० प्रतिशत (दुबै पक्ष बिच कार्यक्रम कार्यान्वयन सम्झौता भएको १५ दिन भित्र), दोस्रो किस्ता ३५ प्रतिशत, तेस्रो किस्ता १५ प्रतिशत र चौथो किस्ता १० प्रतिशत सम्म पेश्की प्रदान गर्न सकिनेछ। कुनै विशेष कारणवश स्वीकृत किस्ता अन्तर्गतको रकम निकासा नभएमा गाउँपालिकाले आगामी किस्तामा थप गरी निकासा गर्न सक्नेछ।

७. संस्थाले गाउँपालिकालाई उपलब्ध गराएको त्रैमासिक प्रगती प्रतिवेदन र मु.अ. कर बिजकका आधारमा पेश्की फछ्र्यौट गरी आगामी त्रैमासिक बजेट निकासाका लागि पेश्की माग गर्नु पर्नेछ। चालु आर्थिक बर्षको बिचमा बजेट संशोधन गर्न आवश्यक परेको खण्डमा अनुगमन तथा समन्वय समितिले बैठक बसी परिमार्जन वा संशोधन गर्न सकिनेछ।

८. कुनै विशेष प्रतिकुल परिस्थितिमा कुल स्वीकृत रकम चालु आर्थिक बर्षमा खर्च

नभएको खण्डमा बाँकी रकम आगामी आर्थिक बर्षमा समायोजन गरेर संस्थाले कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

१६. अनुदान उपलब्ध गराउनेः

गाउँपालिकाले स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रमहरुको उद्धेश्य अनुरुप आवश्यकता निर्धारण गरी कार्यक्रम सञ्चालन क्षेत्रका लाभग्राहीहरुको लागि निम्न बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

क) अनुदानको रुपमा लाभग्राहीहरुलाई भौतिक सामाग्री वा रकम उपलब्ध गराउन सकिनेछ।

ख) अनुदानको प्रकार र सीमा अनुगमन तथा मुल्याङ्कन समिति र कार्यक्रम सञ्चालन गर्ने संस्थाले निर्धारण गर्नेछन।

ग) अनुदानका लागि लाभग्राही छनौट गर्दा कार्ययोजनामा उल्लेख भए अनुसार भौतिक तथा नगद अनुदान प्रदान गर्नको लागि अनुगमन तथा मुल्याङ्कन समितिले

गाउँपालिका सँग भएको तथ्याङ्कको आधारमा वास्तविक आवश्यकता पहिचान गरी लाभग्राही छनौट गर्नेछ।

घ) अनुदान सामाग्री वितरण प्रक्रियाः

१. अनुदान प्रक्रियालाई पारदर्शी बनाउनको लागि निम्न लाभग्राहीहरुको समुह गठन गरी अनुदान वितरण गर्न सकिनेछ।

२. भौतिक सामाग्र वितरण प्रक्रिया स्वास्थ्य शाखाका कर्मचारी वा वडा कार्यालयका प्रतिनिधिको रोहबरमा गरिनेछ।

३. नगद अनुदान दिइने हकमा लाभग्राहीसँग भएको सम्झौता वा अनुदानको मापदण्डमा उल्लेख गरिए अनुसारको आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि सम्बन्धित संस्थाले अनुदान तर्फको रकम भुक्तानी गर्न सकिनेछ।

४. भौतिक तथा नगद अनुदान दुबैको हकमा संस्थाले सम्पुर्ण प्रक्रियाको अभिलेख राख्नुपर्नेछ।

५. वितरण गर्नु पर्ने भौतिक सामाग्री विशेष प्रकृतिका भएमा वा सहज रुपमा उपलब्ध हुन नसकेको खण्डमा, धेरै संख्यामा गुणस्तरीय वस्तु उपलब्ध हुन नसकेमा तथा भु-परिवेशको भिन्नताको कारण एक स्थानबाट अर्को स्थानसम्म लैजान उपयुक्त नहुने वस्तुको हकमा तोकिएका प्राविधिक मापदण्ड पुरा गरी लाभग्राहीहरुको समिति गठन गरी वडा कार्यालयको रोहबरमा स्थानीय तहमा सिंधा मार्फत सोझै खरिद तथा वितरण गर्न सकिने छ।

परिच्छेद- ५

सम्झौता, प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन

१७. सम्झौताः कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा कार्यालयको निर्णय बमोजिम १५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ६ अनुसारको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

१८. **कार्यक्रम** कार्यान्वयनको प्रगती प्रतिवेदनः कार्यक्रमको प्रगती प्रतिवेदन अनुसूची ७ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ र

संस्थाले कार्यक्रमको प्रकृती र आवश्यकता अनुसार त्रैमासिक र वार्षिक प्रगती प्रतिवेदन पेश गर्नु पर्नेछ।

१९. अनुगमन तथा समिक्षाः कार्यक्रम अनुगमन तथा समन्वय समितिले त्रैमासिक रुपमा कार्यक्रमको अनुगमन तथा समिक्षा गर्नु पर्नेछ।

परिच्छेद-६

विविध

२०. बिड **बोन्ड (Bid Bond) तथा प्रर्फमेन्स बन्ड (Performance Bond) :**

आशयपत्रको आव्हानको सूचना बमोजिम गाउँपालिकामा तोकिएको अवधि भित्र पेश हुन आएका आशयपत्रहरुको मूल्याङ्कन पश्चात छनौट भएका आशयपत्रदाताहरुबाट बिस्तृत प्रस्ताव मागको सूचना प्रकाशित गर्नु पर्नेछ। प्राप्त हुने बिस्तृत प्रस्तावका साथमा गाउँपालिकाद्धारा प्रकाशित सूचना तोकिए बमोजिमको बिड बन्ड (Bid Bond) वापतको रकम जम्मा गरेको कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। साथै कार्यक्रम कार्यान्वयन गर्न स्वीकृत आशयपत्रदाताले (संस्था) कार्य सम्पदन जमानत (Perforfmance Bond) वापत गाउँपालिकाले तोके अनुसारको रकम बराबरको १५ महिनाको म्याद भएको कागजात पेश गर्नु पर्नेछ।

२१. लेखापरीक्षणः

क) कार्यक्रमको अन्तिम लेखा परीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात प्रचलित कानुन बमोजिम गाउँपालिकाले गर्नु पर्नेछ।

ख) कार्यक्रमको आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिम गराउनु पर्नेछ।

ग) संस्थाले कार्यक्रमको खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आर्थिक वर्ष समापन पछि नेपालको कानुन बमोजिम लेखापरीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनु पर्नेछ।

२२. समन्वयः कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि सरोकारवाला, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका निकायहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ।

२३. कसुर **र सजायः**

क) कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी छोड्न पाइने छैन। यदि बिचैमा छोडेमा छोड्ने पक्षले उक्त समय सम्मको कार्य जिम्मेवारी र आर्थिक दायित्व बहन गर्नु पर्नेछ।

ख) कार्यक्रमको सम्झौता बमोजिम काम नगरेमा वा समयमा काम पुरा नगरेमा बाँकी किस्ता रोक्का गरिनेछ। यस्तो निर्णय गर्नु पूर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ।

२४. उत्तरदायित्वः कार्यक्रम सञ्चालनको उत्तरदायित्व गाउँपालिका र सो अन्तर्गत निकायहरु एवं सम्बन्धित संस्थाले समान रुपमा वहन गर्नु पर्नेछ।

२५. संशोधन **तथा हेरफेरः** यस कार्यविधिको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

२६. बाध **अड्काउ फुकाउ र व्याख्या गर्न सक्नेः** गाउँपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

२७. प्रचलित **कानून लागु हुनेः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानून बमोजिपम हुनेछ। यस सन्दर्भमा दुविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाउँपालिकाको व्याख्या अन्तिम हुनेछ।

२८. संस्थाले पेश गरेका कार्यक्रम सञ्चालन सम्बन्धि प्रस्तावहरुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ।

२९. खारेजी **र बचाउः**

क) "समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरी पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम" सञ्चालन कार्यविधि, २०८२ प्रमाणिकरण भएको मिति .... देखि लागु हुनेछ।

ख) संघीय, प्रादेशिक तथा तुर्माखाँद गाउँपालिकाको मूल कानूनसँग बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछ।

तुर्माखाँद गाउँपालिका

अनुसूची-१

(दफा ५ सँग सम्बन्धित)

समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम" सञ्चालन गर्न इच्छुक गैरसरकारी संघसंस्थाको लगि आशय पत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः.....................

तुर्माखाँद गाउँपालिका अछामले स्वास्थ्य क्षेत्रमा गैर सरकारी संघसंस्थाको सहकार्यमा काम गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन कार्यविधि २०८२ कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक बर्ष २०८२।०८३ देखि सुरु हुने गरी १ बर्ष भित्र समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरी पोषणल सुधार तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक गैरसरकारी संस्थाहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध) दिन भित्र गाउँपालिकाको कार्यालयमा कार्यलय समय भित्र आशय पत्र पेश गर्न सूचना आव्हान गरिएको छ।यस सम्बन्धि विस्तृत विवरण गाउँपालिकाको वेभसाइट www.turmakhadmun.gov.np बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ। योग्यता नपुगेका, आवश्यक विवरण र कागजात संलग्न नभएको प्रस्ताप उपर कुनै कारवाही हुनेछैन।

....

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिकाको वेवसाइटमा प्रकाशन गर्ने सूचनाको नमूना

प्रथम पटक प्रकाशित मितिः....................

तुर्माखाँद गाउँपालिका अछामले स्वास्थ्य क्षेत्रमा गैर सरकारी संघसंस्थाको सहकार्यमा काम गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन कार्यविधि २०८२ कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक बर्ष २०८२।०८३ देखि सुरु हुने गरी १ बर्ष भित्र समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरी पोषणल सुधार तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक गैरसरकारी संस्थाहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध) दिन भित्र गाउँपालिकाको कार्यालयमा कार्यालय समय भित्र आशय पत्र पेश गर्न सूचना आव्हान गरिएको छ।यस सम्बन्धि विस्तृत विवरण गाउँपालिकाको वेभसाइट www.turmakhadmun.gov.np बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। ईच्छुक योग्यता पुगेका गैरसरकारी संघसंस्थाले तोकिएको ढाँचामा आशयपत्र र निम्नानुसारका कागजात पेश गर्नु पर्नेछ।म्याद नाघि आएका तथा रित नपुगेका आशय पत्र स्वीकार गरिने छैन।आशय पत्रदाताको योग्यता, अनुभव र क्षमताको आधारमा आशय पत्रको मूल्याङ्कन गरिनेछ।

आशयपत्र साथ संलग्न हुनु पर्ने आवश्यक कागजातहरु

१. आशयपत्र पेश सम्बन्धित निवेदन,
२. संस्थाको पुर्ण विवरण भरेको फाराम
३. संस्थाको दर्ता प्रमाणपत्र र दर्ता नविकरण प्रमाणपत्र
४. मु.अ. कर दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्र
५. विगत तिन आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
६. नियमनकारी निकायको अनुमती पत्र (अनुमति पत्र लिनु पर्नेको हकमा)

७. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुबै संस्थाहरु बिचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल प्रति

८. प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रति,

९. संस्था कालोसूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल प्रति,

१०. गैरसरकारी संघसंस्थाको विस्तृत विवरण (प्रोफाइल)

११. विगत १० वर्षमा समान प्रकृतिको काम गरेको र स्थानको विवरण

१२. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

१३. क्षेत्रगत कार्य विशेषज्ञता को प्रमाण खुल्ने कागजातहरुको प्रतिलिपि (मातृशिशु तथा बाल्यकालिन पोषण, आपतकालिन पोषण, व्यवहार परिवर्तन संचार, सुनौलो हजार दिन अन्तर्गतका क्रियाकलाप एवं पोषण सम्बन्धि प्रचारात्मक कार्यमा संलग्नता भएको संस्था)

१४. क्षेत्रगत कार्य अनुभवको प्रमाण खुल्ने कागजातहरुको प्रतिलिपी (विगत १० बर्ष देखि राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्तरमा माथि उल्लेखित क्षेत्रहरुमा आफ्नो सेवा परामर्श प्रदान गरेको।पोषण विशेष, पोषण सम्वेदन शिल तथा स्वास्थ्य शिक्षा, तथा संचारको क्षेत्रहरुमा नीति तथा योजना तर्जुमा गर्न सरकारी निकायलाई सहयोग पुऱ्याएको अनुभव, साथै संयुक्त राष्ट्रसंघिय निकाय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग सहकार्यको अनुभव,)

१५. सफलता पुर्वक कार्य सम्पन्न गरेको अनुभवको प्रमाण खुल्ने कागजातको प्रतिलिपी

१६. जनशक्तिको विशेषज्ञता (पोषण विशेष, पोषण सम्वेदनशिल र जनस्वास्थ्यका क्षेत्रहरुमा कार्यक्रम, रणनीति तथा निर्देशिका तयार गर्ने र कार्यक्रम सम्बन्धि कार्यान्वयनको खाका, अनुगमन र सर्वेक्षण तथा अनुसन्धान लगायतका कार्यहरुमा विशेषज्ञता हासिल गरेका संस्थासँग हाल उपलब्ध दक्ष जनशक्तिको विवरण)

क.सं.	जनशक्ति	शैक्षिक योग्यता	कार्य अनुभव	व्यक्तिगत विवरण (बायोडाटा)

१७. कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथडोलोजी) र गुणस्तर सम्बन्धि विवरणः

यो कार्यक्रम कार्यान्वयनका लागि संघसंस्थाले विस्तृत कार्य पद्धती, ढाँचा । कार्ययोजना पेश गरेनु पर्नेछ। कार्यक्रम समापन पश्चात कार्यक्रमको दिगोपनाको आधारहरु समेत पेश गर्नु पर्नेछ।

१८. ज्ञान तथा प्रविधि हस्तान्तरण विवरणः

कार्यक्रम सञ्चालन र सम्पन्न भए पछि प्राप्त अनुभव, ज्ञान र शिप लाई सम्बन्धित निकायमा क्रमशः समाहित गर्दै कार्यक्रमबाट मुख्य मुख्य उपलब्धि र सकाइहरु लाई भविष्यमा उपयोग गर्ने गरी गाउँपालिका अन्तर्गतका जनशक्ति र आम नागरिकलाई सशक्तिकरण गर्न टेवा पुऱ्याउनु पर्नेछ।

तुर्माखाँद गाउँपालिका

अनुसूची-२

(दफा ६ को ज्ञान तथा प्रविधि हस्तान्तरणको ख सँग सम्बन्धित)

समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरी पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न ईच्छुक गैरसरकारी संघ संस्थाको लागि आशयपत्रको निवेदनको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद अछाम।

विषयः आशयपत्र पेश गरिएको सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा तुर्माखाँद गाउँपालिकाको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार महिला तथा बालबालिकाको पोषण तथा आयआर्जन अभिवृद्धि गर्ने उद्देश्यका लागि समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरी पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न .... (संस्थाको नाम)...........ले आशय पत्र पेश गरेको व्यहोरा अवगतार्थ अनुरोध छ।

<u>निवेदक</u>

आशयपत्र साथ संलग्न गरिएका कागजातहरुः-

१. ....
२. ....
३. ....

फाराम १. संस्थाको विवरणः

क.सं.	विवरण	विस्तृत जानकारी
१	संस्थाको नामः	
२	संस्थाको प्रकार	
३	संयुक्त उपक्रममा प्रस्ताव गरिएको साझेदारी संस्थाको नाम	
४	संस्थाको लक्ष र उद्देश्य (विधान अनुसार)	
५	संस्थाको विधान अनुसार कार्यगत क्षेत्रहरु	
६	संस्थाको विधान अनुसार भौगोलिक क्षेत्र	
७	सम्पर्क ठेगाना र सम्पर्क व्यक्ति	ठेगाना : सम्पर्क व्यक्तिको नामः सम्पर्क व्यक्तिको पदः सम्पर्क नम्बर (मोबाइल): टेलिफोनः इमेल ठेगानाः
८	दर्ता विवरण	दर्ता नं.
		दर्ता मितिः
		दर्ता गर्ने निकायको नामः
		पछिलो नविकरणको बहाल मितिः
९	समाज कल्याण परिषद/ कम्पनी	आबद्धता नम्बरः

तुर्माखाँद गाउँपालिका

	रजिष्टारको कार्यालयको आबद्ध नम्बर, आबद्ध मिति र नविकरण मिति	आबद्धता मिति
		नविकरण अवधि
१०	VAT दर्ता नम्बर र मिति	VAT दर्ता नम्बरः VAT दर्ता मितिः
११	करचुक्ता प्रमाणपत्र	छ/छैन करचुक्ता गरेको पछिल्लो आर्थिक वर्षः
१२	पछिल्लो साधारण सभा मिति	
१३	पुर्णकालिन जम्मा कर्मचारी संख्या	
१४	क्षेत्रगत कार्य विशेषज्ञता	
१५	क्षेत्रगत कार्य अनुभव	
१६	कार्य सम्पन्न गरेको अनुभव तथा प्रमाणहरु	
१७	जनशक्तिको विशेषज्ञता	
१८	कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथोडोलोजी) गुणस्तर	
१९	ज्ञान तथा प्रविधि हस्तान्तरण	
२०	लेखा प्रणाली र लेखा सफ्टवेयरको विवरण	लेखा प्रणालीको नामः लेखा सफ्टवेयरको नामः

फाराम २ : संस्थासँग हाल रहेको कार्ययोग्य भौतिक सम्पती तथा उपकरणको विवरण

क्र.सं.	विवरण	एकाई	परिमाण	कैफियत
१		वटा		
२		वटा		
३		वटा		
४		वटा		
५		वटा		
६		वटा		
७		वटा		

तुर्माखाँद गाउँपालिका

फाराम २.३: संस्थाको कार्यकारी समितिको संरचनाको विरण

क्र.सं.	नाम	पद
१		अध्यक्ष
२		उपाध्यक्ष
३		सचिव
४		कोषाध्यक्ष
५		सह-सचिव
६		सदस्य
७		सदस्य

तुर्माखाँद गाउँपालिका

फाराम २.४ वर्तमान कर्मचारीको विवरण (कृपया विगतको विवरण नराखुहोला)

क्र.सं.	कर्मचारीको नाम	लिङ्ग	पद	शैक्षिक योग्यता	कार्य अनुभव वर्षमा
१					
२					
३					
४					
५					
६					

तुर्माखाँद गाउँपालिका

फाराम २.५ विगत १० वर्षको वार्षिक वितीय कारोबार

क्र.सं.	आर्थिक वर्ष	वितीय कारोवार रु
१		
२		
३		
४		
५		
६		
७		
८		
९		
१०		

तुर्माखाँद गाउँपालिका

फाराम २.६ विगत दश वर्षमा संस्थाले कार्यक्रम र परियोजना सम्पन्न गरेको अभिलेख

क्र.सं.	परियोजनाको नाम	दातृ निकाय	कार्यक्षेत्र	परियोजना जिल्ला र पालिका	सम्झौता अवधि (सुरु मिति, अन्तिम मिति र जम्मा अवधि)	जम्मा सम्झौता रकम
१						
२						
३						
४						
५						
६						

७						
८						
९						
१०						

आशयपत्र पेश सम्बन्धि चेक लिष्ट

क्र.सं.	विवरण	संलग्न छ/छैन
१	आशयपत्र पेश सम्बन्धि निवेदन	
२	आशयपत्र फाराम	
३	संस्था दर्ता, नविकरण,करचुक्ता,विगत ३ वर्षको लेखा परीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमनि पत्र	
४	स्थायी लेखा नम्बर (भ्याट नम्बर)	
५	संयुक्त उपक्रममा काम गर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल प्रति	

६	आशयपत्र पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नारिकताको प्रतिलिपि	
७	संस्था कालो सूची नपरेको स्वघोषणा पत्रको सक्कल प्रति	
८	संस्थाको विवरण (प्रोफाइल)	
९	विगत १० वर्षमा समान प्रकृतिको काम गरेको स्थानको विवरण	
१०	प्रस्तावित कार्यक्रममा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण	

तुर्माखाँद गाउँपालिका

अनुसूची-३

(दफा ७ सँग सम्बन्धित)

"समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम" सञ्चालन गर्नका लागि आशयपत्रदाताहरुको छनौट सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः...........................

तुर्माखाँद गाउँपालिकाले मितिः–.................... मा........................ पत्रिकामा प्रकाशित **"समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम"** सञ्चालन गर्नका लागि तपशिल बमोजिमका आशय पत्रदाताहरुको छनौट गरिएको छ। छनौट भएका आशयपत्रदाताहरुलाई तोकिए अनुसार बिस्तृत प्राविधिक र वित्तीय प्रस्ताव पेश गर्नको लागी अनुरोध गरिन्छ।

छनौट भएका आशयपत्रदाताहरुको सूची

क्र.सं.	संस्थाको नाम	ठेगाना

यस सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र विस्तृत प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न अनुरोध छ। प्राविधिक तथा आर्थिक प्रस्तावको ढाँचा यस गाँउपालिकाको वेवसाइट वा कार्यालयवाट प्राप्त गर्न सकिनेछ।

तुर्माखाँद गाउँपालिका
गाँउपालिकाको कार्यालय
तुर्माखाँद, अछाम
नेपाल

"समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम" को लागि कार्य विवरण (Terms of Reference)

१. पृष्ठभूमिः

संघिय सरकारले जनताका आधारभुत आवश्यकता जस्तै शिक्षा, स्वास्थ्य, पोषण आयआर्जन लगायतका विभिन्न कार्यक्रमहरु स्थानिय सरकार मार्फत संचालन गर्दै आएको छ। नेपालको संविधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक हकको रुपमा रहने संबैधानिक व्यवस्था गरेको छ। यसलाई मध्यनजर गर्दै सरकारले देशको बहुआयामी विकासका लागि आधारभूत स्वास्थ्य सेवा मध्ये विशेष गरेर महिला र बालबालिकाको पोषणको अवस्थालाई सुधार गर्न बहुक्षेत्रिय पोषण योजना २०२३-२०३० ले निर्देशित गरे वमोजिम कार्यक्रमलाई स्थानिय सरकारले संचालन गर्दै आएको छ । प्रदेश र स्थानिय सरकारलाई आम जनताको स्वास्थ्य सेवामा अधिकतम पहुँचको लागि प्रदेश सरकार र स्थानिय सरकारलाई विशेष जिम्मेवार छन्। नेपालको बहुआयामी विकासको लागि संबैधानिक संरचना अन्तर्गत संघिय सरकार, प्रदेश सरकार र स्थानिय सरकारको अवधारणा कार्यान्वयन भए देखि बहुक्षेत्रिय पोषण योजनाले निर्देशित गरेको कार्यक्रमको ढांचा, अवधारण र रणनीतिलाई संघिय, प्रदेश र स्थानिय सरकारले कार्यान्वयन पक्षमा धेरै हद सम्म उपलब्धी हासिल गरेको हालका स्वास्थ्य र पोषणका सूचकहरुले पनि पुष्टि गर्दछ ।

सुपोषणले राम्रो स्वास्थ्य सुनिश्चित गर्न र रोगहरुको रोकथाम गर्न महत्वपूर्ण भूमिका खेल्छ । स्वस्थ जीवनका लागि विभिन्न प्रकारका पोषक तत्वयूक्त सन्तुलित आहार अनिवार्य छ, विशेष गरी बालबालिका र

आमाहरुका लागि । तर, विश्वभर कुपोषण अझै पनि एउटा गम्भीर जनस्वास्थ्य समस्या रहेका छ, जसले बाल मृत्युदर र मातृ मृत्युदर वृद्धिमा योगदान पुर्याइरहेको छ। दक्षिण एसियाली देशहरुमध्ये नेपालमा महिला तथा बालबालिकाको पोपण अवस्था कमजोर रहेको छ, जसले दीर्घकालीन रुपमा मानसिक, शारीरिक र सामाजिक विकासमा असर पुऱ्याइरहेको छ ।

हाल विश्वभर बाल मृत्यु दर करिव ५३ प्रतिशत हुनुमा कुपोषणको प्रमुख भुमिका रहेको छ। बालबालिका जन्मे देखि २ वर्ष भित्रमा करिव ८० प्रतिशत दिमागको विकास हुने गर्दछ। गर्भावस्थामा शरिरलाई चाहिने आवश्यक पोषणयुक्त खानाको अभावमा बालबालिकाको मानसिक र शारिरीक विकासमा अवरोध उत्पन्न भई विभिन्न स्वास्थ्य समस्याहरुको कारणले वालवालिकाको कम उमेरमै मृत्यु हुने सम्भावना प्रबल रहनुका साथै यस्ले दिर्घकालिन शारिरीक र मानसिक असरहरु समेत पुऱ्याउछ। २ वर्षभन्दा कम उमेरका बालबालिकामा न्यून पोषणले रोग प्रतिरोधात्मक प्रणालीलाई कमजोर बनाउने हुनाले उनीहरुलाई न्यूमोनिया, झाडापखाला तथा औलोजस्ता रोगहरु लाग्ने जोखिम बढी हुन्छ।

यस समस्याको गम्भीरतालाई बुझ्दै, नेपाल सरकार कुपोषण तथा सूक्ष्म पोषक तत्वको अभावलाई न्यून गर्ने प्रतिवद्धतासहित विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ। नेपालले सन् २०३० सम्म सबै प्रकारका कुपोषणको अन्त्य गर्ने लक्ष्य लिएको छ। साथै, नेपालले Scaling Up Nutrition (SUN) movement मा समेत सहभागिता जनाएको छ, जसले पोषण सुधारका लागि बहुक्षेत्रीय दृष्टिकोणलाई प्राथमिकता दिन्छ। नेपालको बहुक्षेत्रीय पोषण योजना अन्तर्गत स्वास्थ्य, कृषि, खानेपानी तथा सरसफाई, शिक्षा, महिला तथा बालबालिका र स्थानिय तहको समन्वयमा पोषण सुधारका पहलहरु अघि बढाइएका छन ।

नेपाल जनसाख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ का पछिल्ला तथ्याङ्कहरु अनुसार, नेपालमा ५ वर्षमुनिका २५ प्रतिशत बालबालिका

पुड्कोपन, ८ प्रतिशत बालबालिका शिघ्र कुपोषण र १९ प्रतिशत बालबालिका कम तौलको समस्याबाट प्रभावित छन् । साथै, ३३ प्रतिशत गर्भवती महिला र ४३ प्रतिशत ५ वर्षमुनिका बालबालिका रक्तअल्पताबाट प्रभावित छन्। नेपालमा Double Burden of Malnutrition समस्या बढ्दै गइरहेको छ, जहाँ न्यून पोषणसंग नै अधिकतौल (Overnutrition) का समस्या समेत देखा परेका छन्।

नेपालमा नवजात शिशु मृत्यु दर २१ प्रति १०००, शिशु मृत्यु दर २८ प्रति १००० र ५ वर्षमुनिका बाल मृत्यु दर ३३ प्रति १००० छ। मातृ मृत्यु दर १५१ प्रति १,००,००० र सुदुर पश्चिम प्रदेशमा १३० प्रति १,००,००० छ । वार्षिक प्रतिवेदन २०७८/७९ अनुसार नेपालमा संस्थागत सुत्केरी ७९ प्रतिशत छ भने सुदुर पश्चिम प्रदेशमा ७१ प्रतिशत मात्र रहेको छ। वृद्धि अनुगमनको तथ्याङ्कलाई पनि मध्यनजर गर्दा नेपालमा ५ वर्ष मुनिको बालबालिकाको ६२ प्रतिशत छ भने सुदुर पश्चिम प्रदेशमा ५८ प्रतिशत रहेको छ। विभिन्न अध्ययन अनुसार करिव ४५ प्रतिशत बालबालिकाको मृत्युको अन्तरनिहित कारण कुपोषण नै हो भने दीर्घ तथा शीघ्र कुपोषणले बालमृत्युदरलाई अझ ५ देखि २० गुणासम्म बढाउँछ। कुपोषित बालबालिकाहरुको मानसिक र शारीरिक विकासमा अवरोध उत्पन्न भई आयु कम हुनुका साथै उनीहरु आर्थिक दृष्टिकोणले पनि कम उत्पादनशील हुन्छन्।

२ वर्षभन्दा कम उमेरका बालबालिकाहरुमा न्यून पोषणका परिणामहरु प्रायः गम्भीर र स्थायी किसिमका हुने भएकोले भविष्यमा यसले दीर्घकालीन असरहरु निम्त्याउँदछ। २ वर्षभन्दा कम उमेरका बालबालिकाहरुमा न्यून पोषण भएमा त्यसले बालबालिकाको रोग प्रतिरोधात्मक प्रणालीलाई कमजोर बनाउँछ। महिला गर्भवती भएदेखि उनको बच्चाको दोस्रो जन्मदिन सम्मको १००० दिनको अवधि (९ महिना र २४ महिना वा २७० दिन र ७३० दिन गरि १००० दिन) नै सुनौला १००० दिन हो। बालबालिकाहरुको ८० प्रतिशत दिमागको

विकास यसै १००० दिनका अवधिमा हुने भएकोले यो जीवनको महत्वपूर्ण अवसर (Window of opportunity) हो। त्यसैले यसलाई सुनौलो १००० दिन भनिएको हो। वैज्ञानिकहरु, अर्थशास्त्रीहरु तथा स्वास्थ्य क्षेत्रका विज्ञहरुले सुनौला १००० दिनको अवधिमा आमा र बच्चाको पोषणमा सुधार ल्याउन सकिएमा विश्वव्यापी रुपमा स्वास्थ्यको स्तर तथा दिगो विकासमा प्रगति हासिल गर्न सकिने भएकोले यस उमेर समूहमा पर्ने आमा र वालवालिकालाई उचित पोषण र स्याहार पुर्‍याई न्यून पोषणको कारणबाट हुने मृत्यु र स्वास्थ्य समस्या न्यूनीकरण गर्न सकिने कुरामा जोड दिएका छन् ।

मातृ तथा शिशु पोषणको अवस्थामा सुधार ल्याउनका लागि विकास गरिएको बहुक्षेत्रीय पोपण पोजनाले निर्धारण गरेका प्रमुख उपलब्धिहरुलाई हासिल गर्ने दिशामा सहयोग गर्नका लागि सुनौला १००० दिनको महत्व र यस अवधिमा ध्यान पुर्‍याउनुपर्ने र पालना गनुपर्ने कुराहरुलाई व्यापक रुपमा घरदैलोसम्म प्रचार प्रसार गरी सकारात्मक व्यवहार परिवर्तन गर्न सुनौत्ता १००० दिनका अवधारणालाई विभिन्न माध्यमवाट पहल गरि रहेता पनि सरकारले पूर्णरुपमा निःशुल्क गराएको स्वास्थ्य र पोषण लगायतका सेवाहरुको पहुंचमा विशेष गरि सुदूर पश्चिमका जिल्लाहरुमा यसको सुचकांकहरु सन्तोषजनक छैनन्। तिव्र रुपमा भइरहेको बसाई सराई, युबाहरुको विदेश पलायन र पुरुषको अलावा महिला हरुलाई आत्मनिर्भर बनाउने किसिममा कार्यक्रमहरुको अभावले महिलाहरुका साथै उनिहरुमा आश्रीत बालबालिकाको स्वास्थ्य र पोषण स्थिति खस्कदो अवस्था रहेको हालको नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ ले पनि प्रष्ट रुपमा देखाउछ।

बालबालिकालाई पूर्ण रुपमा स्तनपान गराउने महिलाको प्रतिशतमा उल्लेखनिय कमी आउनु, स्थानिय स्तरमा उपलब्ध हुने पोषिलो खाद्यान्नहरुको उपभोग कम हुदै जानु र. शरीरलाई आवश्यक उर्जा र पोषण उपलब्ध गराउने खानालाई बजारमा उपलब्ध तयारी र

अस्वस्थ्यकर खानाहरुले प्रतिस्थापन गर्दै जानुले अबका दिनहरुमा यस क्षेत्रमा रणनैतिक रुपमै कार्ययोजना बनाई अगाडी बढ्नु पर्ने आवश्यकता देखिन्छ।

विश्व स्वास्थ्य संगठनले २०२५ सम्म र दिगो विकासको लक्ष्य २०३० ले लक्षित गरेको पोषण सम्बन्धि लक्ष्यहरु हासिल गर्न महिला र बालवालिका लक्षित समुदायमा आधारित स्वास्थ्य र पोषणका साथै दिगोपनामा आधारित कार्यकम र महिलाहरुको आयआर्जन लाई बढाउनु पर्ने हुन्छ। यसका अलावा बहुसंख्यक पुरुषहरु आयआर्जनको लागि विदेश वा स्वदेशमा अन्यत्र परनिर्भर रहेको परिप्रेक्षमा सरोकारवालाहरुसंगको आपसी छलफलबाट महिलाहरुको लागि पनि पोषणमा आधारित आयआर्जनका सिपमूलक कामहरुका साथै उनिहरुबाट उत्पादित बस्तुहरु विक्रीका लागि नवितम सोचको समाजिक बजारिकरण गर्नु पनि आवश्यक छ। जबसम्म बालबालिका र महिलाहरुको स्वास्थ्य, शिक्षा, पोषण लगायतका कुराहरुमा आमुल परिवर्तन गर्न सकिंदैन तब सम्म देशको बहुआयमी विकासको अवधारणा कठिन हुने कुरामा दुई मत छैन। यसका साथै सरकारले निर्दिष्ट गरेको आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपममा निःशुल्क स्थापित गराउनु स्थानीय सरकारको प्रमुख जिम्मेवारी पनि हो।

तुर्माखाँद गाउँपालिकाको परिचयः

तुर्माखाँद गाउँपालिका सुदूरपश्चिम प्रदेश अन्तर्गत अछाम जिल्लामा अवस्थित पहाडी भौगोलिकता रहेको गाउँपालिका २३२.०७ वर्ग कि. मी. क्षेत्रफलमा फैलिएको छ। समुन्द्री सतहका करिव ५५० मिटर देखि १९०० मिटर सम्मको उचाईमा रहेको यस गाउँपालिका भौगोगिक अवस्थितिका हिसाबले २८ डिग्री ४४ मिनेट ४० सेकेण्ड देखि २९ डिग्री १ मिनेट ३९ सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री १७ मिनेट ५४ सेकेण्ड देखि ८१ डिग्री ३५ मिनेट ४५ सेकेण्ड पुर्वी देशान्तरमा

फैलिएको छ। यस गाउँपालिका अछाम जिल्लाको जिल्ला सदरमुकाम मंगलसेन देखि करीब ५५ किमीको दुरीमा पूर्वी भागमा रहेको छ। यस गाउँपालिकाको पूर्वमा दैलेख जिल्ला, पश्चिममा ढकारी गाउँपालिका, उत्तरमा कमल बजार नगरपालिका र दक्षिणमा सुर्खेत जिल्ला रहेको छ। नव गठित स्थानीय तह तुर्माखांद साविकका ७ वटा गाविसहरु रहफ, भैरवस्थान, तुर्माखाँद, नाडा, रानीवन, तोषी र धमाली मिलेर बनेको हो। यस गाउँपालिका ऐतिहासिक रुपले दैलेखसँग सामिप्यता राखेको पाइन्छ भने भाषिक प्रभाव पनि दैलेख सँग मिल्दोजुल्दो छ। तुर्माखाँद गाउँपालिकाको नामाकरणको सन्दर्भमा स्थानीय जानकार व्यतिहरुका अनुसार हाल बजार रहेको यस तुर्माखाँद क्षेत्रमा धेरै समय पहिला तम्माखु खाने मानिसहरुको जमघट हुने गर्दथ्यो। अछामी भापामा तम्माखुलाई तम्मु भनिने र डांडामाथी सम्म परेको स्थानलाई खांद भनिने हुनाले तम्मा र खांद मिलेर तुर्माखाँद रहन गएको हो । पहि स्थानको नामबाट तुर्माखाँद गाविसको नामाकरण भएको र स्थानीय तह पुर्नसंरचना हुँदा गाउँपालिकाको नामाकरण समेत तुर्माखाँद हुन गएको देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार तुर्माखाँद गाउँपालिकाको कुल जनसइया २४,५७४ रहेको छ भने यहाँ ५,२४९ घरधुरी रहेका छन्। यस गाउँपालिकालाई २०७६ मा छाउगोठ मुक्त घोषणा गरिएको थियो।



यस पालिकाको वडा अनुसारको जनसंख्या तल तालिका नं. १ मा उल्लेख गरे अनुसार रहेको छ ।

तालिका १ वडा अनुसारको जनसंख्या विवरण

यस पालिकाको कुल साक्षरता दर ७३.६% रहेको छ जसमा पुरुष साक्षरता दर ८२ % र महिला साक्षरता दर ६६.२% रहेको छ। उमेर समूह अनुसारको जनसंख्या तल तालिका २ मा उल्लेख गरे अनुसार रहेको छ ।



तालिका २: उमेर समूह अनुसारको जनसंख्या विवरण ।



प्रस्तावित कार्यक्रमको परिचय

नेपालको सुदुरपश्चिम प्रदेश अन्तर्गत अछाम जिल्लाको तुर्माखाँद गाउँपालिकामा समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्य सुधारका लागि पोषण प्रवर्द्धन कार्यक्रम संचालन गर्न प्रस्ताव गरिएको छ। यस परियोजनाले गर्भवती महिला, सुत्केरी आमा र पाँच वर्ष मुनिका बालबालिकालाई लक्षित गर्दै पोषण सुधारका गतिविधिहरुलाई प्रभावकारी रुपमा कार्यान्वन गर्नुका साथै उनिहरु लाई जिवकोपार्जन लाई सहजिकरण गर्न आयआर्जनमा समाहित गराउने लक्ष्य राखेको छ।

कार्यक्रमको लक्ष्य :

पोषण सुधारका गतिविधिहरुको सुदृढ र प्रभावकारी कार्यान्यनबाट विशेष गरि विपन्न र सिमान्तकृत गर्भवती महिला, सुत्केरी आमा र पांच वर्ष मुनिका बालबालिका लक्षित उचित व्यवहार परिवर्तन संचार, स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार र आधारभूत स्वास्थ्य सेवाको पहुंच सुनिश्चित गर्ने ।

कार्यक्रमको उद्देश्यः

सामुदायिक पोषण शिक्षा कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि, संस्थागत सुत्केरी दर वृधि र सूक्ष्म पोषकतत्व पूर्ति कार्यक्रम मार्फत मातृ तथा शिशु कुपोषण न्यूनीकरण, पोपणसम्बन्धी व्यवहार परिवर्तन प्रवर्द्धन, स्थानीय उत्पादनमा आधारित पोषणयुक्त आहारको उपयोग वृद्धि र स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने यो कार्यक्रमको प्रमुख उद्देश्य हो। निर्दिष्ट विस्तारित उद्देश्यहरु निम्न बमोजिम छन्।

- पोषणयुक्त खाना, सन्तुलित आहार, खोप सेवा, पोषणयुक्त खानाको पाक शिक्षा, सरसफाई र बालबालिकाको वृद्धी अनुगमन सम्बन्धी अन्तरव्यक्ति संचार र संचारका अन्य माध्यमहरुको प्रयोग बाट पोषण सम्बन्धी व्यवहार परिवर्तन प्रवर्द्धन गर्दै दीगो स्वस्व पोषण व्यवहारको विकास र व्यक्तिको स्वस्थ जीवनको प्रवर्द्धन गर्ने
- स्वास्थ्य संस्थाबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा पहुँच अधिक घरधुरीसम्म पुर्याई सुक्ष्म पोषक तत्व जस्तै वालनिटा, भिटामिन 'ए', जुकाको औषधि, आईरन चक्की, लगाएतका सेवाको पहुँच विस्तार एंव सदृद्ध गरि सेवाको उपभोगलाई वृद्धि गरि मातृ तथा शिशु पोषण सुधार गर्ने, पुऱ्याउने ।
- न्यून आय स्तर भएका र जोखिममा रहेका समुदायमा आधारभूत सेवाको पहुंचको सुनिश्चितता गर्ने ।

- स्थानीय उत्पादनमा आधारित पोषणयुक्त आहारको प्रवर्धन र उपभोग वृद्धि गर्न चेतनामुलक अभियान संचालन गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि गरि सामुदायिक पोषण शिक्षा कार्यक्रम र खानेपानी, स्वच्छता तथा सरसफाईको बारेमा जनचेतना अभिवृद्धि गर्ने,
- संस्थागत सुत्केरी गराउने संख्या वृद्धि गर्ने ।

यो परियोजना बहुक्षेत्रीय दृष्टिकोणमा आधारित रहेर स्थानीय सरकार, स्वास्थ्य, शिक्षा, महिला तथा अन्य सरोकारवालाहरु बिच समन्वय गर्दै कार्यान्वयन गरिनेछ। समुदाय स्तरमै पोपण सुधारका प्रयासहरुलाई प्रवर्द्धन गर्न व्यवहार परिवर्तन संचार, पोषण सम्बन्धी प्रशिक्षण तथा परामर्श र स्थानीय स्रोत परिचालनमा विशेष ध्यान दिइनेछ । यस परियोजनाबाट लक्षित समूहहरुको पोषण स्तरमा सुधार गर्दै मातृ तथा बाल मृत्युदर न्यूनीकरणमा योगदान पुर्‌याउने अपेक्षा गरिएको छ। साथै, स्थानीय स्तरमा पोषण सम्बन्धी दीर्घकालीन सुधार सुनिश्चित गर्न समुदायको सक्रिय सहभागिता अभिवृद्धि गरिने छ ।

कार्यक्रमको कार्यक्षेत्र र लक्षित समूहः

यस कार्यक्रमले विशेष गरि तुर्माखांद गाउँपालिकाको ८ बडाका सम्पुर्ण गर्भवती, ५ वर्ष मुनिका (विशेष गरेर विपन्न र सिमान्तकृत) बालबालिका र तिनका आमाहरु लाई समेटी उनिहरुको समग्र स्वास्थ्य तथा आर्थिकस्तरमा सुधार ल्याउने छ ।

कार्यक्रमका मुख्य क्रियाकलापहरुः

प्रस्तावित १ वर्षिय कार्यक्रम मार्फत सञ्चालन गरिने मुख्य क्रियाकलापहरु निम्न अनुसार रहेका छन् ।

- सरोकारवाला व्यक्ति तथा संस्थाहरुलाई सलग्न गराई छलफल, योजना तर्जुमा, अभिमुखिकरण तथा समिक्षा गोष्ठि संचालन गर्ने ।
- पोषण सम्बन्धि सिप मूलक तालिम संचालन तथा व्यवस्थापन गर्ने ।

- पोषण सम्बन्धि प्रवर्द्धनात्मक तालिम तथा कार्यक्रम संचालन गर्ने ।
- विपन्न तथा सिमान्तकृत वर्गलाई लक्षित गरी कार्यक्रम संचालन गर्ने।
- कुपोषित गर्भवती तथा ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था आवश्यक व्यवस्थापन गर्ने ।
- विद्यालय लक्षित कार्यक्रम संचालन गर्ने ।
- पोषण व्यवहार परिवर्तनका लागि जनचेतना मूलक कार्यक्रम संचालन गर्ने ।
- स्वास्थ्य र पोषण सम्बन्धि प्रचार प्रसार सामाग्री निर्माण, छपाई तथा वितरण गर्ने ।
- कार्यक्रमको दिगोपनाको सुनिश्चित गर्ने ।
- पोषण व्यवहारका परिवर्तनका लागि नविनतम प्रविधिको प्रयोग गर्ने ।
- सरोकारवालाहरुबाट नियमित अनुगमन तथा मुल्याउन गर्ने ।

३. **कार्यक्रमको कार्यान्वयन विधि** :

प्रस्तावक संस्थाले कार्यक्रम कार्यान्वयन गर्ने प्रक्रिया स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ। कार्यक्रमले प्रस्तावित व्यक्ति, घरपरिवारहरुलाई समेट्ने, उनीहरुलाई कार्यक्रमबाट लाभान्वित गराउने, आदि विषय लगायत कार्यान्वयन अवधारणाको प्रक्रिया उल्लेख गर्नुपर्नेछ। संयुक्त उपक्रममा प्रस्ताव पेश गर्नेको हकमा भने सबै पक्षको जिम्मेवारी तथा भूमिका स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यसका साथै कार्यक्रम व्यवस्थापन प्रक्रिया तया समन्वय गर्ने निकायहरुको जिम्मेवारी तथा भूमिका पनि खुलाउनुपर्नेछ ।

४. **आवश्यक जनशक्ति**

यस कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मानव श्रोत तथा कर्मचारी संख्या (पूर्णकालिन र अल्पकालिन), उनीहरुको व्यवस्थापन तथा परिचालन प्रक्रियाबारे स्पष्ट उल्लेख गर्नुपर्नेछ।

५. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

यस कार्यक्रम गाँउपालिकाका सम्पूर्ण वडाहरुमा सञ्चालन गरिने छ। गाँउपालिकाका कुल घरधुरी .... मध्ये यस कार्यक्रमले प्रत्यक्ष समेट्ने घरधुरीहरु जम्मा............ हुनेछन्। महिला र बालबालिकालाई यस लक्षित कार्यक्रम मार्फत समेट्नेछ।

यस कार्यक्रमले को कार्यक्षेत्र तथा लाभान्वित परिवारहरुको विवरण निम्नानुसार रहेकोछ ।

वडा नं.	स्थान	जम्मा घरधुरी	कार्यक्रम मार्फत प्रत्यक्ष लाभान्वित घरधुरी संख्या	कार्यक्रम मार्फत अप्रत्यक्ष लाभान्वित घरधुरी संख्या	जम्मा लाभान्वित जनसंख्या
१					
२					
३					
४					
५					
६					
७					
जम्मा					

६. कार्यक्रम अवधिः

यस कार्यक्रमको अवधि १ वर्ष रहने छ। (आ.व. २०८२/०८३ देखि २०८३/०८४ सम्म)

७. अपेक्षित परिणाम

यस कार्यक्रमले लक्षित महिला तथा ५ वर्ष मुनिका बालबालिकाहरुको उचित व्यवहार परिवर्तन गरी स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याई आधारभूत स्वास्थ्य सेवाको पहुंच सुनिश्चित गरी निम्न विषय क्षेत्रमा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याएको हुनुपर्नेछ।

- सरोकारबाला व्यक्ति तथा संस्थाहरुलाई संलग्न गराई छलफल, योजना तर्जुमा, अभिमुखिकरण तथा समिक्षा गोष्ठि संचालन
- आयआर्जनको तालिम प्राप्त गरी व्यक्तिगत वा सामूहिक व्यवसायको व्यवस्थित रुपमा संचालन
- पोषण सम्बन्धि जन समुदायमा जनचेतनाको अभिवृद्धि
- विपन्न तथा सिमान्तकृत वर्गलाई लक्षित गरी आवश्यक तालिम प्रदान
- कुपोषित गर्भवती तथा ५ वर्ष मुनिका बालवालिकाहरुको पोषण अवस्थामा सुधार
- विद्यालयका विद्यार्थीहरुमा आधारभूत स्वास्थ्य तथा पोषण सम्बन्धि ज्ञानमा अभिवृद्धि
- जनसमुदायमा पोषण व्यवहारमा सकारात्मक परिवर्तन
- स्वास्थ्य र पोषण सम्बन्धि सामाग्री निर्माण तथा वितरण
- कार्यक्रमलाई स्थानिय सरकारमा हस्तान्तरण
- प्रविधि मैत्री पोषण कार्यक्रम
- नियमित अनुगमन तथा मुल्याङ्कन

अनुसूची-४

(दफा ७ सँग सम्बन्धित)

" समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम " सञ्चालन गर्न ईच्छुक गैर-सरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा

१. कार्यक्रमको नाम **"समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम"**

२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य।

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. कार्यक्रमको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव। अल्पकालिन र दीर्घकालिन।

६. कार्यक्रमको कार्यान्वयन विधि

७. कार्यक्रमका क्रियाकलापहरु

८. कार्यक्रमको व्यवस्थापन
   - व्यवस्थापन सरचना
   - कार्यक्रमको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
   - मानवीय संशाधन परिचालन
   - कार्यक्रमको कार्ययोजना

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्यांङ्कन

११. कार्यक्रमको पारदर्शिता

१२. कार्यक्रमको दिगोपना र हस्तान्तरण

अनुसूची ५
(दफा ७ सँग सम्बन्धित)

"समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम" संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्थाको लागि आर्थिक प्रस्तावको ढाँचा

- कार्यक्रम सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि।
- कार्यक्रम खर्च (कार्यक्रम क्रियाकलाप कार्यान्वयन खर्च।
- मु.अ.कर र अन्य

अनुसूची -६
(दफा १७ सँग सम्बन्धित)
कार्यक्रम सम्झौता

सुदुरपश्चिम प्रदेशको तुर्माखाँद गाउँपालिका, अछाम (यस पछि प्रथम पक्ष भनिने र श्री .... (यस पछि दोस्रो पक्ष भनिने) बीच तुर्माखाँद गाउँपालिकामा **"समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम"** संचालन गर्नका लागि पालिकाको मिति २०८२/ / को निर्णयानुसार तपसिल बमोजिमका शर्तनामामा दुबै पक्षको मन्जुरीका साथ यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौ, दियौ।

तपसिल

१. निम्न लिखित कागजातहरु यस सम्झौताको व्याख्या गर्नका लागि यस सम्झौताको अभिन्न अंगका रुपमा मानिनेछ।
   क) का प्रथम पक्षद्वारा अनुमोदित दोस्रो पक्षविच पेश गरेको दररेट
   ख) TOR

२. स्वीकृत भएको दररेट र TOR बमोजिम मातृ तथा बालवालिका का लागि पोषण सुधार कार्यक्रमअन्तर्गत संचालन गर्नुपर्ने क्रियाकलापहरु दोस्रो पक्षले गर्नेछ।

३. यो सम्झौता अनुसार "**समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम**" संचालन गर्नका लागि मु.अ. कर समेत रु........................... (अक्षरुपी... रुपैया मा दोस्रो पक्षले मन्जुर गरेको छ। उक्त कार्यको भुक्तानी तुर्माखाँद गाउँपालिका द्वारा राष्ट्रिय योजना आयोगबाट विशेष अनुदान स्वरुप प्राप्त रकमबाट हुनेछ। यस कार्यको लागि स्वीकृत रकमभन्दा बढी खर्च भएमा गाँउपालिकाले बढी भएको रकम भुक्तानी दिन बाध्य हुने छैन ।

४. प्रथम पक्षले हरेक वर्ष त्रैमासिक रुपमा चार किस्तामा कार्यक्रम अनुगमन तथा समन्वय समितिको सिफारिस बमोजिम दोस्रो पक्षले उपलब्ध गराएको बैंक खातामा पेश्की स्वरुप उपलब्ध गराउनेछ। कुनै विशिष्ट कारणवस स्वीकृत किस्ता अन्तर्गतको रकम निकासा नभएमा प्रथम पक्षले आगामी किस्तामा थप गरी निकासा गर्न सक्नेछ।

५. **"समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम"** को त्रैमासिक प्रगति प्रतिवेदनका साथै किस्ता रकम अनुसारको मु.अ.कर बिजक दोस्रो पक्षले प्रथम पक्षलाई उपलब्ध गराउनेछ। सो प्रगति प्रतिवेदन र विजक प्रथम पक्षलाई बुझाइसकेपछि नेपाल सरकारको प्रचलित कानून बमोजिम अग्रिम आयकर कट्टा गरि

मात्र भुक्तानी प्रक्रिया अगाडी बढाइनेछ अन्यथा सम्झौताको शर्त नं. ७ अनुसार दोस्रो पक्षलाई कारबाही गरिनेछ।

६. **"समुदायमा बाधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम"** वि.स २०८२................................... बाट शुरु गरि वि.स. २०८३........................... भित्र सक्नु पर्नेछ। यो अवधि भित्रको सो कार्य गर्न नसकेमा प्रथम पक्षलाई मनासिव लागेमा र विशेष परिस्थितिमा मात्र नियमानुसार म्याद थप हुन सक्नेछ अन्यथा तोकिएको समयमा नै यो कार्य सम्पन्न गरि सक्नुपर्नेछ ।

७. स्वीकृत बजेट अनुसार **"समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम"** अन्तर्गतको कार्य तोकिएको TOR अनुसार काम नगरेमा, समयमा काम पूरा नगरेमा वा गुणस्तरहिन काम गरेमा प्रथम पक्षने एकतर्फि निर्णय गरी दोस्रो पक्ष र प्रथम पक्ष बिच भएको सम्झौता भंग गर्दै बाँकी किस्ता रोक्का गर्न सक्नेछ। यस्तो निर्णय गर्नुपूर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ । सम्झौता भंग गरिएमा प्रथमपक्षले दोस्रो पक्षसंग निर्णयानुसार क्षतिपूर्ति लिन दोस्रो पक्षमाई हर्जना तिराउन वा जरिवाना गर्न, कालो सूचीमा राख्न, यी मध्ये केही वा सबै कारवाही गर्न र नियमानुसार अन्य कारवाही समेत गर्न सक्नेछ।

८. दोस्रो पक्षले कार्यक्रम खर्चको वार्षिक लेखापरीक्षण प्रत्येक आ.व.को समापन पछि नेपालको प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनेछ।

९. कार्यक्रम समापन पश्चात दोस्रो पक्षले प्रथम पक्षलाई कार्यक्रमको व्यवस्थापन, उपलब्धीहरु र सम्पूर्ण सम्बन्धित कुराहरु हस्तान्तरण गर्नेछ।

१०. यो सम्झौता कार्यान्वयनमा कुनै विवाद आई परेमा दुवै पक्षको आपसी सहमतीमा समाधान गरिनेछ। अन्यया सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार विवाद समाधान गरीनेछ।

११. यस सम्झौता पत्रमा उल्लेख भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित ऐन कानूनसंग बाझिएको हदसम्म यसै अनुसार हुनेछ र अन्य कुराहरु प्रचलित ऐन नियमहरु, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र शर्तनामा अनुसार हुनेछ ।

प्रथम पक्ष तुर्माखाँद गाउँपालिकाको तर्फबाट सही छाप गर्ने	दोस्रो पक्ष संस्थाको तर्फबाट सही छाप गर्नेको
दस्तखतः नामः दर्जाः कार्यालयको छापः मितिः	दस्तखतः नामः दर्जाः फोन नं. संस्थाको छापः मितिः

साक्षीहरुः

१.

२.

३.

तुर्माखाँद गाउँपालिका

अनुसूची-७

(दफा १८ सँग सम्बन्धित)

<u>कार्यक्रमका क्रियाकलापहरुको प्रगति प्रतिवेदनको ढाँचा</u>

- कार्यक्रमको पृष्ठभूमी
- लक्ष्य र उद्देश्य
- कार्यक्षेत्र
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलापहरु
- उपलब्धि (भौतिक तथा वृत्तीय)
- सुधारात्मक पक्ष र सिकाइ
- समस्या (सवल पक्ष, कमजोर पक्ष, अवसर, कार्यक्रम सुचारु संचालनका लागि समस्या तथा चुनौत) र अबलम्वन गरेका समाधानका उपायहरु तथा सवालहरु
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्ष

प्रमाणीकरण मिति २०८०।०७२०

आज्ञाले
चक्रदेव भट्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

तुर्माखाँद गाउँपालिका